श्रम तथा रो.प्र.वि.द.नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं !"
"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन हाम्रो अभियान"



# NEGEO समाचार मासिक

वर्ष १ | अङ्क २ | जेठ २०८२ | ने.सं. ११४५ | मे-जुन २०२५


**सल्लाहकार**
अध्यक्ष, भवानी न्यौपाने दाहाल
वरिष्ठ उपाध्यक्ष, रेवन्त गौतम
वरिष्ठ उपाध्यक्ष, प्रभास प्रसाद साह

**सम्पादक**
रामचन्द्र अधिकारी

**अतिथि सम्पादक**
ललीक बहादुर महर्जन


## २०८२ वैशाख महिनाका गतिविधिहरु

### पेसागत महासंघ नेपालसँग छलफल



पेसागत महासंघ नेपालको आयोजनामा लोकतन्त्र दिवस तथा युवा सम्मलेन २०८२ तथा अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा २०८२ बैशाख ३ गते पेसागत महासंघ नेपाल तथा नेपाल निजामती कर्मचारी संगठनका पदाधिकारी सदस्यहरुको उपस्थितीमा कार्यक्रम सम्पन्न भएको थियो । उक्त भेलावाट लोकतन्त्र दिवसको अवसरमा आयोजित युवा सम्मेलनमा नेपाल निजामती कर्मचारी संगठनवाट १०० जना युवाहरुलाई सहभागी गराइएको थियो ।


### अन्तर ट्रेड युनियन संजालको बैठक





नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी न्यौपानेको अध्यक्षतामा २०८२ बैशाख ४ गते अन्तर ट्रेड युनियन संजालको बैठक संगठन केन्द्रीय कार्य समितिमा सम्पन्न भएको थियो उक्त बैठकले देहाय बमोजिमका विषयहरु समावेश गरि संयुक्त विज्ञप्ति समेत प्रकाशन गरेको थियो ।

# सम्माननीय प्रधानमन्त्रीसँग समसामयिक विषयमा छलफल



पेसागत महासंग नेपालको समन्वयमा सम्माननीय प्रधानमन्त्री एवंम नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग २०८२ बैशाख ५ गते भेटघाट कार्यक्रम सम्पन्न भएको थियो । उक्त भेटघाट कार्यक्रमा नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा जनसंगठन समन्वय सम्यन्त्रका प्रमुख भानुभक्त ढकाल, पेसागत महासंघ नेपालका ईन्चार्ज रामेश्वर फुयाल, पेसागत महासंघ नेपालका पदाधिकारी सदस्यहरु, नेपाल निजामती कर्मचारी संगठनका पदाधिकारी सदस्यहरु, राष्ट्रिय शिक्षक संगठनका पदाधिकारी सदस्यहरु, स्थानीय तह कर्मचारी संगठनका पदाधिकारी सदस्यहरु बैक, विमा तथा वित्तिय क्षेत्र कर्मचारी संगठनका पदाधिकारी सदस्यहरुको उपस्थितिमा संघीय निजामती सेवा ऐन, विद्यालय शिक्षा ऐन, वाफिया ऐन लगायतका समसामयिक विषयमा छलफल भएको थियो ।

संगठन स्थापना दिवस २०८२

# केन्द्रीय कार्यसमिति गतिविधि







नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमितिको आयोजनामा २०८२ बैशाख ७ गते संगठन स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान, नेगो पुस्तकालय उद्घाटन, नेगो मासिक समाचार विमोचन तथा सम्मान कार्यक्रम अध्यक्ष भवानी न्यौपाने दाहालको अध्यक्षतामा र महासचिव रामचन्द्र अधिकारीको संचालनमा सम्पन्न भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य संगठनका वरिष्ठ उपाध्यक्ष रेवन्त गौतम, नेकपा एमालेका स्थायी समिति सदस्य तथा जनसंगठन संयन्त्रका प्रमुख भानुभक्त ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । संगठनका पूर्व अध्यक्ष डा. प्रेमप्रसाद दङ्गाललाई सम्मान गरिएको थियो । पेसागत महासंघ नेपालका अध्यक्ष पुण्य प्रसाद ढकाल, उपाध्यक्ष भोलानाथ पोखरेल, संगठनका पूर्व अध्यक्ष



गणेश वस्याल लगायत संगठनका पूर्व पदाधिकारी तथा सदस्य लगायत संगठनका जिल्ला/विभागीय तथा प्रदेश गरी करिव २०० जना भन्दा बढी संगठनका सदस्यहरुको उपस्थिती रहेको थियो ।

# राज्य व्यवस्था तथा सुशासन समितिमा संघीय ऐनका सम्बन्धमा छलफल

प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासनमा छलफलको क्रममा रहेको संघीय निजामती सेवा विधेयकमा निजामती क्षेत्रमा क्रियाशिल राष्ट्रिय स्तरका ट्रेड युनियन र समितिका सदस्यहरु वीच २०८२ बैशाख ९ गते छलफल कार्यक्रम सम्पन्न भएको थियो ।कार्यक्रममा सयुक्त रुपमा तयार भएका विषय नेपाल निजामती कर्मचारी संगठनका महासचिव रामचन्द्र अधिकारीले प्रस्तुत गर्नु भएको थियो भने नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी न्यौपाने दाहाल, नेपाल निजामती कर्मचारी युनियनका वरिष्ठ उपाध्यक्ष उत्तम कटुवाल, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनका अध्यक्ष अम्वादत्त भट्ट, नेपाल मधेशी निजामती कर्मचारी मञ्चका उपाध्यक्ष विजय कुमार यादव, एकीकृत सरकारी



कर्मचारी संगठनका अध्यक्ष याम बहादुर खत्री, स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठनका का.वा. अध्यक्ष सिता गुरुङ्ग र संघीय संसद सचिवालय आधिकारीक ट्रेड युनियनका अध्यक्ष रेणुका सुवेदीले आ-आफ्ना धारण राख्नु भएको थियो ।

## पेसागत महासंघ नेपाल र नेपाल निजामती कर्मचारी संगठन विच छलफल



नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्य र पेसागत महासंघ नेपालका पदाधिकारी सदस्यहरुका विच आन्दोलनरत शिक्षकहरुमा मागमुद्दा, निजामती क्षेत्रको आन्दोलन, राजपत्र अनकिंत कर्मचारीहरुका मागमुद्दा राज्य व्यवस्था तथा सुशासन समितिका माननीयज्यूहरुसँग भएका छलफल लगायतका विषयमा २०८१ बैशाख १० गते पेसागत महासंघ नेपालको कार्यालयमा छललफल कार्यक्रम सम्पन्न भएको थियो ।

## स्थानीय तहमा कार्यरत कर्मचारीहरुका माग-मुद्दाका विषयमा छलफल

नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यालयमा २०७६ साल पश्चात संघीय लोक सेवा आयोग र प्रदेश कानुन बमोजिम नियुक्त भएका कर्मचारीले विगत देखि उठाउँदै आएका मागहरु, २०८० असोज २७ गते सयुक्त ट्रेड युनियनको सहित सरकार संग भएको सम्झौतामा उल्लेख भएका विषयहरुको कार्यन्वयनको लागि थप पहल प्रयत्न गर्नको लागि २०८२ बैशाख १२ गते छलफल कार्यक्रम सम्पन्न भएको छ ।

## सम्माननीय प्रधानमन्त्रीसँग संघीय निजामती सेवा ऐनका सम्बन्धमा भेटघाट कार्यक्रम



संघीय निजामती सेवा विद्येयकमा सम्बन्धमा सयुक्त ट्रेड युनियनको तर्फवाट राज्य व्यवस्था तथा सुशासन समिति संग छलफल भएका विषयहरुको सम्बन्धमा निजामती क्षेत्रमा क्रियाशिल ट्रेड युनियनको तर्फवाट तयार भएका मागहरु २०८२ बैशाख १५ गते सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाउने काम सम्पन्न भएको छ ।उक्त भेटघाटको क्रममा कर्मचारीका मागमुद्दाको विषयमा आफु सकारात्मक रहेको कुरा सम्मानीय प्रधानमन्त्रीले व्यक्त गर्नु भएको थियो ।

## केन्द्रीय सचिवालयको प्रथम बैठक



नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय सचिवालयको प्रथम बैठक २०८२ बैशाख ३१ गते सम्पन्न भएको छ ।उक्त बैठकले संगठनको दोस्रो केन्द्रीय कार्य समितिको बैठक २०८२ जेष्ठ १६ र १७ गते काठमाण्डौमा सम्पन्न गर्ने र जेष्ठ १८ गते केन्द्रीय प्रशिक्षण कार्यक्रम गर्ने निर्णय गरेको छ ।

# संयुक्त ट्रेड युनियन सञ्जालको प्रेस विज्ञप्ति



संयुक्त प्रेस-विज्ञप्ति

विरोधका कार्यक्रमहरु

१। मिति-२०८२ बैशाख ५ गते शुक्रबार ।



३। मिति-२०८२ बैशाख १० गते बुधवार ।
संयुक्त ट्रेड युनियनको भेला मार्फत आन्दोलन परिचालन समिति घोषणा गर्ने।

४। मिति-२०८२ बैशाख १२ गते शुक्रबार ।
संयुक्त ट्रेड युनियनको आयोजनामा संघीय संसद सचिवालय सिंहदरबार अगाडि भेला आयोजना गर्ने।

भवानी न्यौपाने दाहाल
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन
केन्द्रीय कार्य समिति

वरिष्ठ उपाध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन
केन्द्रीय कार्य समिति

अध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
केन्द्रीय कार्य समिति

वरिष्ठ उपाध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल
केन्द्रीय कार्य समिति

अनिल शाह
महासचिव
नेपाल मधेशी निजामती कर्मचारी मञ्च
केन्द्रीय कार्य समिति

का.वा. अध्यक्ष
स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल
केन्द्रीय कार्य समिति

२०८२ बैशाख ४ ।



राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० का सम्बन्धमा गठित उपसमितिको प्रतिवेदनमा छलफल हुने भएसँगै निजामती ट्रेड युनियनका प्रतिनिधिले संयुक्त रुपमा ज्ञापनपत्र बुझाएको थियो।


नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी न्यौपाने दाहाल सहित संयुक्त ट्रेड युनियनको तर्फबाट समितिका सभापति रामहरि खतिवडा, कानून, न्याय तथा संसदीय मामिला मन्त्री, संघीय, मामिला तथा सामान्य प्रशासन मन्त्री, नेपाल सरकारकारका मुख्यसचिवलाई बैशाख ५ गते शुक्रबार ११ बुँदे संयुक्त ज्ञापनपत्र हस्तान्तरण गरेको थियो। ज्ञापनपत्रमा समितिले गठन गरेको उपसमितिले संयुक्त ट्रेड युनियनवाट पटक-पटक उठान गरिएका विषयवस्तु समावेश नगरी समितिमा प्रतिवेदन पेस गरेकाले गम्भीर आशंका भएको उल्लेख गरेको थियो ।


ज्ञापनपत्रमा निजामती कर्मचारीको परिभाषामा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीलाई समेट्नु पर्ने, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध कायम हुने गरी पेसागत हकहित र अधिकारका लागि संगठित हुन कार्यालय प्रमुख हुने बाहेक




शाखा अधिकृत वा आठौं तहसम्मका कर्मचारीहरू सदस्य हुन पाउने गरी सामूहिक सौदाबाजी सहितको राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था हुनु पर्ने माग गरिएको थियो। यस्तै कुनै पनि पदमा ५ वर्ष सेवा अवधि भएको कर्मचारीलाई एक तह वृद्धि र १० वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको कर्मचारीलाई पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याङ्कनबाट कम्तीमा ९० प्रतिशत अंक प्राप्त गरेका, प्रचलित कानुन बमोजिमको योग्यता पुगेका कर्मचारीलाई दुई तह वा एक श्रेणी वृद्धि गरी तह मिलान गर्नुपर्ने र प्राविधिक सेवामा कार्यरत कर्मचारीहरुको बढुवाको हकमा सेवा प्रवेश गर्दाको शैक्षिक योग्यता वा सेवा प्रवेशको लागि तोकिएको तालिमलाई आधार मानी बढुवा गर्ने व्यवस्था गर्नुपर्ने लगायतका माग प्रस्तुत गरिएको थियो ।

## संयुक्त प्रेस विज्ञप्ति







## लोकतन्त्र दिवस

लोकतन्त्र दिवसको अवसरमा मिति २०८२ बैशाख ११ गते दिउँसो १:००बजे भृकुटीमण्डप काठमाडौंमा भएको युवा परिचालन कार्यक्रममा केन्द्रीय पदाधिकारी, सचिवालय सदस्य, केन्द्रीय सदस्यहरू, जिल्ला / विभागीय पदाधिकारी सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## विदेश भ्रमण



मिति २०८२ बैशाख २६ गते बंगलादेश सरकारी कर्मचारी परिषद्को मे १० र ११ मा सम्पन्न हुने ११औं कंग्रेसमा सहभागी हुन पेसागत महासंघ नेपालका अध्यक्ष पुण्य प्रसाद ढकाल, उपाध्यक्ष भोलानाथ पोखरेलको नेतृत्वमा नेपाल



निजामती कर्मचारी संगठनको तर्फबाट नेतृत्व गर्दै वरिष्ठ उपाध्यक्ष प्रभास प्रसाद साह र उपमहासचिव कमला दाहालले भाग लिनु भएको थियो ।

# अन्तर्राष्ट्रिय श्रमिक दिवस २०८२

**"मर्यादित काम, श्रमिकको सम्मान, हाम्रो अभियान" भन्ने मूलनाराका साथ अन्तर्राष्ट्रिय श्रमिक दिवस २०८२** पेसागत महासंघ नेपालको आयोजनामा आवद्ध घटक तथा सम्वद्ध घटकहरुको सहभागीतामा नेकपा एमालेका महासचिव शंकर पोखरेलको प्रमुख आतिथ्यतामा नेकपा एमालेका स्थायी समिति सदस्य तथा जनसंगठन संयन्त्रका प्रमुख भानुभक्त ढकाल र नेकपा एमालेका पोलिटव्युरो सदस्य एव पेसागत महासघ नेपालका इञ्चार्ज रामेश्वर फुयाल साथै नेकपा एमालेका केन्द्रीय सदस्य तथा महासंघका सल्लाहकार बावुराम थापाको विशेष आतिथ्यतामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको थियो ।उक्त कार्यक्रम पेसागत महासंघका अध्यक्ष पुण्य प्रसाद ढकालको अध्यक्षता र संचालन महासचिव केदार प्रसाद



देवकोटाले गर्नु भएको थियो भने उक्त कार्यक्रममा संगठनको तर्फबाट अध्यक्ष श्री भवानी न्यौपाने दाहालले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

## उपत्यका प्रदेश गतिविधि

### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय विभागीय कार्यसमिति



२०८२ बैशाख २ गते माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको प्रमुख आतिथ्यतामा मन्त्रालयको हलमा शुभकामना आदानप्रदान, टेवल क्यालेण्डर विमोचन तथा नवनिर्वाचित केन्द्रीय कार्यसमितिलाई बधाई तथा शुभकामना दिने कार्यक्रम सम्पन्न भएको थियो ।

नेपाल निजामती कर्मचारी संगठन, भौतिक मन्त्रालय विभागीय कार्यसमितिद्वारा संगठन स्थापना दिवसको अवसरमा मिति २०८२ बैशाख ६ गते बिहान १०:०० बजेदेखि बेलुका ३:३० बजेसम्म सडक विभाग बबरमहलमा निशुल्क दन्त



परीक्षण शिविर संचालन गरेको थियो भने उक्त शिविरमा ११० जना कर्मचारी तथा कर्मचारी परिवारले सेवा लिनु भएको थियो ।

### सर्वोच्च अदालत विभागीय कार्यसमिति



मिति २०८२ बैशाख ७ गते नेपाल निजामती कर्मचारी संगठन सर्वोच्च अदालत विभागीय कार्य समितिले संगठन स्थापना दिवसको अवसरमा संगठनको आन्दोलन र उपलब्धिको कार्यपत्र मार्फत् चर्चा गर्दै शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेकोछ ।

मिति २०८२ बैशाख १७ गते संयुक्त ट्रेड युनियन संजाल सर्वोच्च अदालतको आयोजनामा कानुन दिवस एवं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा खुल्ला ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको थियो । उक्त कार्यक्रम सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री सपना मल्ल प्रधानज्यूको प्रमुख आतिथ्यतामा सफलतापूर्वक सम्पन्न भएको थियो । उक्त कार्यक्रम मा रमेश उपरकोटी र दिपेन्द्र खड्काको जोडी प्रथम, प्रकाश बहादुर कुँवर र सिद्धराज ओझाको टिम




दोश्रो, किशोर भट्ट र सुदिप दाहाल, शरद राना मगर र दिनेश राई को टिम तेश्रो स्थान प्राप्त गर्न सफल भएको थियो । उक्त प्रतियोगिताको सचालन राष्ट्रिय अम्पायर रुपक कुमार थिङ र उमेश भण्डारीले गर्नु भएको थियो ।

# कोशी प्रदेश कार्यसमितिका गतिविधि

१. सचिवालय बैठक-१ पटक ।

२. प्रदेश स्तरीय ट्रेड यूनियन सञ्जालको बैठकको आयोजना-१ पटक ।

३. विज्ञप्ती प्रकाशन-१ पटक (जिल्ला भेटेरिनरी तथा पशु सेवा कार्यालय झापामा सहायक स्तरका प्राबिधिक कर्मचारी माथि भएको कुटपिट बिरुद्द बिज्ञप्ती प्रकाशित)

कर्मचारीमैत्री निजामती सेवा ऐन तत्काल जारी गर्न/गराउनको लागि प्रमुख सचिव मार्फत संघीय व्यवस्थापिका संसदका सभामुखलाई संयुक्त ज्ञापन पत्र मिति २०८२ बैशाख ८ बुझाएको थियो।



कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरूवा भई आउनु भएका प्रमुख सचिव चन्द्रकला पौडेललाई नेपाल निजामती कर्मचारी संगठन, प्रदेश कार्य समिति र जिल्ला कार्य समिति मोरङको तर्फबाट संयुक्त रुपमा स्वागत कार्यक्रम सम्पन्न गरेको थियो ।



मिति २०८२ बैशाख २१ गते आगामी आ.ब. २०८२/०८३ को कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेशको लागि कोशी प्रदेशका प्रमुख सचिव चन्द्रकला पौडेललाई सुझाव पेश गरेको थियो ।



## मोरङ

मिति २०८२ बैशाख ७ गते नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति मोरङले रक्तदान कार्यक्रमको आयोजना गरेर ३५ औ स्थापना दिवस भव्य रुपमा सम्पन्न भएको थियो ।जसमा विभिन्न कार्यालयका ६३ जना रक्तदाता कर्मचारीहरुले रक्तदान गरेको नेपाल निजामती कर्मचारी मोरङका अध्यक्ष शालिकराम कोइरालाले बताउनुभयो । रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरुलाई नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिका निवर्तमान महासचिव जीवन काफ्लेले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन कोशी प्रदेश कार्य समितिका अध्यक्ष हरि सुवेदी, निवर्तमान केन्द्रीय सदस्य फडिन्द्रनाथ अधिकारी, पेसागत महासंघ कोशी प्रदेशका अध्यक्ष अशेष कुमार लम्साल, संगठनका निवर्तमान अध्यक्ष ओमराज सुवेदी, पूर्व अध्यक्ष बुद्धि बहादुर थापा लगायतको उपस्थिति रहेको थियो साथै त्यस अवधिमा सचिवालयको २ पटक बैठक सम्पन्न गरी आफ्ना गतिविधिहरुलाई नियमित गरिरहेको छ ।

## भोजपुर

संघीय निजामती सेवा ऐनको विषयमा संघीय संसदको संसदीय समितिमा दफादार छलफल भइरहेको सन्दर्भमा संघीय निजामती कर्मचारी सम्बन्धी ऐन कर्मचारीमैत्री, अग्रगामी र समय सापेक्ष रुपमा निर्माण होस भन्ने माग सहितको मिति २०८२/०१/०८ गते प्रमुख जिल्ला अधिकारी मार्फत् ११ बुँदे ज्ञापन पत्र भोजपुर जिल्लामा

क्रियाशील रहेका निजामती कर्मचारीहरुसँग सम्बन्धित ४ वटै कर्मचारी संगठनको तर्फबाट संयुक्त रुपमा ज्ञापन पत्र वुझाईएको थियो भने हाल सदस्यता नवीकरण भइरहेको अवस्था छ ।

## धनकुटा

"मर्यादित सहकारी, समुन्नत समाज" भन्ने मूल नाराका साथ नेपाल निजामती कर्मचारी संगठनको स्थापना दिवसको अबसरमा आयोजित "सहकारी शिक्षा सम्बन्धी २ दिने प्रशिक्षणात्मक तालिम" धनकुटामा सम्पन्न गरेको थियो । तालिममा सहकारी शिक्षा सम्बन्धी मिनकुमार थापा, संगठन र सहकारी बीचको अन्तर सम्बन्धका विषयमा रामकृष्ण सुबेदी र सहकारीको नियम, ऐन तथा संस्थाको बिनिमयका बारेमा राष्ट्रसेबक सहकारी धनकुटाका अध्यक्ष ललित कुमार वि.के.ले सहजीकरण गर्नु भएको थियो भने उक्त कार्यक्रममा ४० जनाको सहभागीता रहेको थियो।

१. सचिवालय बैठक -१ पटक
२. प्रशिक्षण कार्यक्रम-२०८२।०१।५ र ६ गते संगठन र सहकारीको संयुक्त प्रशिक्षण कार्यक्रम
३. संगठन स्थापना दिवस-दिप प्रज्वलन र शुभकामना आदानप्रदान
४. प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२।०१।०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको
५. केन्द्रीय अध्यक्ष, उपाध्यक्षलगायतसँग अनौपचारिक छलफल ।

## उदयपुर

मिति २०८२ बैशाख ७ गते निजामती क्षेत्रको पहिलो राष्ट्रिय स्तरको ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन उदयपुरको ३५ औं स्थापना दिवसको अवसरमा जिल्ला अस्पताल उदयपुरलाई सामग्री हस्तान्तरण कार्यक्रम गरी सम्पन्न भएको थियो ।पूर्ण बैठक -१ पटक, संगठन स्थापना दिवस-जिल्ला अस्पतालमा ३ थान भित्ते पंखा प्रदान र शुभकामना आदानप्रदान, प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२/०१/०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको

## झापा

मिति २०८२ बैशाख १२ गते संगठन जिल्ला कार्य समिति, अर्जुनधाराद्धारा नगर कमिटीको आयोजनामा एक दिने फुटसल कार्यक्रम सम्पन्न भएको छ । लोकतन्त्र दिवसको अवसरमा आयोजित ऐकदिने फुटसल प्रतियोगिताको अध्यक्षता विक्रम पोखेलले गर्नु भएको थियो भने प्रमुख अतिथि नेपाल निजामती कर्मचारी संगठनका जिल्ला अध्यक्ष हिरण्य न्यौपानेले गर्नु भएको उक्त कार्यक्रममा करिव १०० जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

एक दिवसीय फुटसल प्रतियोगिता सफल बनाउन प्राविधिक सहयोग गर्ने नगर खेलकुद विकास समिति, फुटसल कोर्ट स्पोन्सर गर्ने गमस्ता स्पोर्टस् हब, अर्जुनधारा -६, जनप्रतिनिधि, ने .नि. क.सं. झापा, ने.नि.क.सं. अर्जुनधाराका सम्पूर्ण साथीहरू लगायत सहभागी टिमहरू १. कर्मचारी A र B २. जनप्रतिनिधि ३. शिक्षक महासंघ ४. प्रेस क्लब ५. प्याबसन सबैलाई हार्दिक धन्यवाद । विजेता प्याबसन अर्जुनधारा र उपबिजेता अर्जनधारा प्रेस क्लवलाई बधाई तथा शुभकामना प्रदान गरेको थियो ।

## स्थापना दिवस

नेपाल निजामती कर्मचारी संगठन झापाले विविध रचनात्मक क्रियाकलापका साथ संगठनको ३५औं स्थापना दिवस मनाएको थियो।

सो अवसरमा नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्रमा आश्रित अपाङ्गता भएकाहरुलाई खाद्यान्न वितरण तथा भोजन, सेवानिवृत्त कर्मचारीलाई सम्मान र निजामती सेवामा नवप्रवेशीहरुलाई स्वागत कार्यक्रम सम्पन्न गरेको थियो । पूर्ण बैठक -१ पटक, संगठन स्थापना दिवस-जिल्ला अस्पतालमा ३ थान भित्ते पंखा प्रदान र शुभकामना आदानप्रदान, प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२/०१/ ०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको थियो ।

## सुनसरी

नेपाल निजामती कर्मचारी संगठनको स्थापना दिवसको सन्दर्भमा इनरुवा अस्पतालमा विरामीहरुलाई फलफुल वितरण कार्यक्रम सम्पन्न भएको थियो ।उक्त कार्यक्रममा करिव २१ जना विरामीहरुलाई फलफूल वितरण गरिएको थियो । २०८२ बैशाख ८ गते संयुक्त रुपमा ज्ञापनपत्र वुझाएको थियो ।

## इलाम

नेपाल निजामती कर्मचारी संगठनको ३५औं स्थापना दिवसको अवसरमा २०८२/०१/१३ गते प्रशिक्षण

कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा केन्द्रीय अध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा केन्द्रीय महासचिव रामचन्द्र अधिकारी, प्रदेश कार्य समितिका अध्यक्ष हरि सुवेदी, संगठनका केन्द्रीय सचिवालय सदस्य तथा कोशी प्रदेश सह-इन्चार्ज खोमबहादुर खालिङ राईलगायतको सहभागिता रहेको थियो ।



कार्यक्रममा करिब डेढ सय कर्मचारीको सहभागीता रहेको थियो । कार्यक्रममा केन्द्रीय अध्यक्ष र महासचिवले संगठनसँग सम्बन्धित विभिन्न विषयमा प्रशिक्षण प्रदान गर्नु भएको थियो । सन्दकपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत यादव राउतले सकारात्मक सोच र तनाव व्यवस्थापन विषयमा सहजीकरण गर्नु भएको थियो।

१. पूर्ण वैठक -१ पटक
२. प्रशिक्षण कार्यक्रम-२०८२।०१।१३ गते
३. संगठन स्थापना दिवस-अनाथालयमा रहेका बालबालिकालाई खाद्यान्न बितरण
४. प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२।०१।०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको

## पाँचथर

मिति २०८२ बैशाख ७ गते संगठनको ३५औं स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान सहित पुर्व अध्यक्षहरूको फोटो तथा ऐतिहासिक निर्णय प्रदर्शन, कर्मचारी स्वागत कार्यक्रम सम्पन्न भएको थियो ।

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति, पाँचथर तथा राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि., पाँचथरको संयुक्त आयोजनामा **"सार्वजनिक सेवा प्रवाह, सुशासन, ट्रेड युनियन अधिकार तथा सहकारी शिक्षा सम्बन्धी प्रशिक्षण कार्यक्रम"** फिदिममा नेपाल निजामती कर्मचारी संगठन, पाँचथरका जिल्ला अध्यक्ष मिलन राईको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा अतिथिहरूले शुभकामना मन्तव्य व्यक्त गर्दै यस्ता प्रशिक्षणहरूले कर्मचारीहरूको व्यावसायिकता, उत्तरदायित्व र संगठनात्मक एकता अभिवृद्धिमा सकारात्मक योगदान पुर्‍याउने धारणा राख्नुभएको थियो।

प्रशिक्षणमा सहकारी शिक्षा सम्बन्धी प्रशिक्षण नेपाल निजामती कर्मचारी संगठनका कोशी प्रदेश उपाध्यक्ष सरस्वती शिवाकोटीले प्रदान गर्नु भएको थियो भने नेकपा (एमाले) कोशी प्रदेशका सचिव राजकुमार भण्डारीले **"संघीयतामा जबज र वर्तमान राजनीतिक अवस्था"** विषयमा प्रशिक्षण दिनुभएको थियो। त्यसैगरी नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय उपाध्यक्ष युवाचन्द्र घिमिरेले **"संघीय निजामती कर्मचारी ऐन र कर्मचारीका सवालहरू"** विषयमा प्रशिक्षण, हकहित, नीति निर्माण, सरुवा, पदस्थापन र सेवाशर्तका सम्बन्ध, निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष भवानी न्यौपाने दाहालले **"सुशासन, ट्रेड युनियन अधिकार तथा संगठन सुदृढीकरणमा हाम्रो भूमिका"** शीर्षकमा प्रशिक्षण दिनुहुँदै संगठनात्मक सुदृढीकरण, कर्मचारीको भूमिकाको सशक्तिकरण तथा लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्धनमा कर्मचारीहरूको योगदानका बारेमा चर्चा गर्नुभएको थियो।




१. पूर्ण वैठक -२ पटक
२. सचिवालय बैठक-१ पटक
३. प्रशिक्षण कार्यक्रम-२०८२।०१।२० गते
४. संगठन स्थापना दिवस-पाँचथर जिल्लाको ऐतिहासिक दस्तावेज प्रकासन तथा शुभकामना आदानप्रदान ।
५. प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२।०१।०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको ।

## तेह्रथुम

१. पूर्ण वैठक -१ पटक
२. संगठन स्थापना दिवस-जिल्ला अस्पताल तेह्रथुमका १९ जना बिरामीलाई फलफुल बितरण
३. प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२।०१।०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको

## संखुवासभा

१. संगठन स्थापना दिवस-समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रम
२. प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२।०१।०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको

## खोटाङ

१. संगठन स्थापना दिवस-दिप प्रज्वलन र शुभकामना आदानप्रदान
२. प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२।०१।०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको

## सोलुखुम्बु

१. सतिवालय वैठक -१पटक
२. संगठन स्थापना दिवस-
३. प्रमुख जिल्ला अधिकारीलाई मिति २०८२।०१।०८ गते संयुक्त ज्ञापनपत्र बुझाएको

# बागमती प्रदेश कार्यसमितिका गतिविधि

मिति २०८२/१/६ गते नेपाल निजामती कर्मचारी संगठन बागमती प्रदेश कार्यसमितिको आयोजनामा बिस्तारित बैठक तथा नयाँ बर्ष २०८२ सालको शुभकामना आदानप्रदान कार्यक्रम राइनो क्रुज कार्भेघाट, चितवनमा सम्पन्न गरेको छ ।



## काभ्रे

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति काभ्रेपलान्चोकद्वारा मिति २०८२ बैशाख ९ गते दिउँसो २ बजे काभ्रे धुलिखेल नगरपालिकाको भवनमा संगठन स्थापना दिवसको अबसरमा रक्तदान कार्यक्रम तथा नवनिर्वाचित केन्द्रीय पदाधिकारी तता सदस्यहरूलाई बधाई तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

## भक्तपुर

मिति २०८२ बैशाख १९ गते नेगो भक्तपुरद्वारा संगठन स्थापना दिवसको सन्दर्भमा भक्तपुर चाँगुनारायण नपा - ३, झौखेल स्थित मानव कल्याण समाज (सेवा घर) मा आश्रित बा/आमाहरुका लागि सहयोग हस्तान्तरण कार्यक्रम सम्पन्न भएको थियो।



नेगो केन्द्रीय उपाध्यक्ष बिजया लक्ष्मी सुबेदीको प्रमुख आतिथ्यता, नेगो बागमती सह-ईञ्चार्ज पुरुषोत्तम दाहालको बिशिष्ट आतिथ्यता एवम् नेगो भक्तपुरका अध्यक्ष तेज बिक्रम कार्कीको अध्यक्षतामा मानव कल्याण समाजलाई नगद रु. २५०१०/-(पच्चिस हजार दश)हस्तान्तरण गरिएको थियो ।

## काठमाडौं

संयुक्त ट्रेड युनियन संजालको तर्फबाट सम्माननीय सभामुखज्युलाई प्रमुख जिल्ला अधिकारी मार्फत २०८२/०१/०८ गते निजामती सेवा ऐन जारी गर्न दवाब स्वरूप संयुक्त ज्ञापन पत्र बुझाउने कार्यक्रम सम्पन्न भएको छ ।

## सिन्धुली

नेपाल निजामती कर्मचारी संगठनको ३५औं स्थापना दिवसको अवसरमा नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति सिन्धुलीद्वारा आयोजित विरुवाहरुमा मलजल तथा पुनर्रोपण कार्यक्रम सम्पन्न गरी वातावरण संरक्षणका लागि सरसफाई तथा विरुवाहरुमा मलजल तथा शुभकामना आदान-प्रदान सम्पन्न गरिएको छ ।

## ललितपुर

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति ललितपुरद्धारा मिति २०८२ बैशाख २६ गते प्रस्तावित संघीय निजामती सेवा विधेयक र ट्रेड युनियनको भूमिका लगायत



समसामयिक विषयमा प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा संगठनका अध्यक्ष, निवर्तमान अध्यक्ष प्रदेश इञ्चार्ज, महासचिवले समसामयिक विषयमा प्रशिक्षण तथा आफ्ना विचारहरु राख्नु भएको थियो ।

# गण्डकी प्रदेश कार्यसमितिका गतिविधि

नेपाल निजामती कर्मचारी संगठन गण्डकी प्रदेश कार्य समितिको संयोजनमा पोखरामा उपलब्ध प्रदेश इञ्चार्ज भरत प्रसाद भुसाल सह इञ्चार्ज तेज प्रसाद निउरे र केन्द्रिय सदस्यहरुको समुपस्थितिमा गण्डकी प्रदेश सरकारबाट भएका मनमौजी कार्य रोकी विधि र विधान बमोजिम सरुवा बढुवा पदस्थापन विधि सम्मत गर्नका लागि १९ बुँदे माग पत्र प्रस्तुत गरिएको छ । उक्त माग पत्रमा प्रदेश इञ्चार्ज श्री भरत प्रसाद भुसाल र प्रदेश अध्यक्ष श्री डोलराज पराजुलीद्धारा हस्ताक्षरित माग पत्र गण्डकी प्रदेशका श्रीमान प्रमुख सचिव रघुराम बिष्ट समक्ष पेश गरिएको थियो । उक्त अवसरमा केन्द्र प्रदेश र जिल्लाबाट उपस्थित संगठकहरुको उपस्थिति रहेको थियो । उक्त माग पत्रका प्रदेश अध्यक्षले व्याख्या सहित बाचन गर्नु भएको थियो भने प्रदेश इञ्चार्जले थप प्रस्ट पार्ने काम गर्नु भएको थियो । माग पुरा नभए चरणबद्ध विरोधका कार्यक्रम सञ्चालन गर्न सक्ने विषय समेत जाहेर गरिएको थियो ।

### संघीय निजामती विद्येयक उपर ज्ञापन पत्र बुझाइएको

केन्द्रिय ट्रेड यूनियन सञ्चालले तयार पारेका ११ बुँदे सुझाव सहितको ज्ञापन पत्र गत बैशाख ८ गते एकै दिन गण्डकी प्रदेश सरकारका प्रमुख सचिव र ११ जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत सम्माननीय सभामुखज्यू समक्ष पेश गरिएको थियो । यो कार्यको अगुवाई गण्डकी प्रदेश राजधानी पोखरा र ११ जिल्लामा नेपाल निजामती कर्मचारी संगठनको नेतृत्वमा गरिएको थियो ।

## नवलपरासी (ब. सु .पूर्व)

नेपाल निजामती कर्मचारी संगठन को ३५औं स्थापना दिवसको अवसरमा जिल्ला कार्यसमिति नवलपरासी (ब. सु.पूर्व)ले कर्मचारीहरुविच मैत्रीपूर्ण फुटसल प्रतियोगिता सम्पन्न गरी स्थापना दिवसको दिन पहिलो, दोस्रो, तेस्रो र सान्त्वना प्राप्त गर्ने पुरुष टिमहरूलाई र महिलातर्फ पहिले र दोस्रो स्थान हासिल गर्ने टिमहरुलाई मेडल, ट्रफी, प्रमाणपत्र र नगद पुरस्कार बितरण गरी कार्यक्रम सम्पन्न गरेको थियो । जसमा पुरुषतर्फ ८ र महिला तर्फ २ गरी १० वटा टिमहरुले सहभागिता जनाएका थिए ।

## बागलुङ

नेपाल निजामती कर्मचारी संगठन दिवसको अवसरमा संगठन बागलुङले अभिभावकत्वग्रहण गरेको विद्यार्थीलाई

शैक्षिक सामग्री र अन्य सामग्री हस्तान्तरण गरी कार्यक्रम भव्य रुपमा सम्पन्न भएको थियो।

ट्रेड युनियनहरुले उठान गरेका कर्मचारीहरुका साझा सवालहरु समावेश गरी शिघ्र निजामती सेवा ऐन जारी गर्नको लागि संयुक्त ट्रेड युनियन संजाल बागलुङ (नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन र एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल) को तर्फबाट श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूमार्फत सम्माननीय सभामुखज्यू समक्ष ज्ञापन पत्र बुझाउने कार्यक्रम सम्पन्न भएको थियो ।

## कास्की

ट्रेड युनियन आन्दोलनको अग्रणी, निजामती क्षेत्रको पहिलो र सशक्त सस्था नेपाल निजामती कर्मचारी सङ्गठनको ३६औं वर्ष प्रवेश (बैशाख ७) को "सङ्गठन स्थापना दिवस-२०८२" को अवसरमा जिल्ला कार्यसमिति कास्कीद्वारा आयोजित रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । उक्त रक्तदान कार्यक्रममा सङ्गठनका प्रदेश इन्चार्ज, पेसागत महासङ्घका केन्द्रीय सचिब, सङ्गठनका केन्द्रीय सदस्य, पूर्व केन्द्रीय पदाधिकारी-सदस्य, सङ्गठन र पेसागत महासंघ गण्डकी प्रदेश कार्यसमितिका पदाधिकारी-सदस्य, जिल्ला कार्यसमितिका पूर्व अध्यक्ष, जिल्ला कार्यसमितिका पदाधिकारी-सदस्य-केन्द्रीय प्रतिनिधि, पत्रकार, सङ्गठन सदस्यहरुको उपस्थिति एबम नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र, सिर्जना चोकको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भव्यतापूर्वक सम्पन्न भएको थियो ।

## लमजुङ

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति लम्जुङद्वारा मिति २०८२/०१/०६ गते नयाँ वर्ष २०८२ र संगठन स्थापना दिवसको अवसरमा आयोजित शुभकामना आदानप्रदान, बृहत कर्मचारी भेला/वनभोज तथा वर्ष २०८२ को भित्तेपात्रो विमोचन कार्यक्रम भब्य सफलताका साथ सम्पन्न गरेको थियो । कार्यक्रममा प्रमुख अतिथि सविधानसभा सदस्य माननीय जमिन्द्रमान घले, विशिष्ट अतिथिहरु नेकपा एमाले गण्डकी प्रदेशका सचिव धनञ्जय दवाडी, नेपाल निजामती कर्मचारी संगठन, गण्डकी प्रदेशका अध्यक्ष डोलराज पराजुली, नेकपा एमाले जिल्ला कमिटी, लमजुङका अध्यक्ष राज कुमार विष्ट तथा जनसंगठन विभाग प्रमुख जुन तामाङ लगायतको आतिथ्यतामा कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो ।

## पर्वत

नेपाल निजामती कर्मचारी संगठनको स्थापना दिवसको अवसरमा संगठन पर्वत जिल्ला कार्यसमितिले विद्याज्योती प्रा.विका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण तथा आर्थिक सहयोग गर्ने काम सम्पन्न भएको छ ।

# लुम्बिनी प्रदेश कार्यसमितिका गतिविधि

## रुपन्देही

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति रुपन्देहीले संगठन स्थापना दिवसको अवसरमा नेपाल अपाङ्ग आश्रम, बुटवल -११ प्रगतिनगरमा रु २००००।- बराबरको खाद्यान्न तथा फलफूल वितरण कार्य सम्पन्न गरेको छ ।

## बाँके

संगठन स्थापना दिवसको अवसरमा **नेपाल निजामती कर्मचारी संगठन, बाँके**ले मानव सेवा आश्रम भवनमा आश्रितहरुका लागि खाद्यान्न, औषधि तथा सरसफाई सामग्री हस्तान्तरण गरिएको थियो ।

## दाङ

नेपाल निजामती कर्मचारी संगठनको स्थापना दिवसको अवसरमा संगठन दाङ जिल्ला कार्यसमितिले विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको थियो भने अन्तर्राष्ट्रिय श्रमिक दिवसको शुभ अवसर पारेर नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति, दाङद्वारा मानवसेवा आश्रमलाई नगद रकम हस्तान्तरण गरेको छ ।

# कर्णाली प्रदेश कार्यसमितिका गतिविधि

१. २०८२ वैशाख १२ गते कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धी वृहत्त सुझाव संकलन कार्यक्रम सम्पन्न।



२. २०८२ वैशाख २३ गते कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धी सुझावहरु कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री यामलाल कडेललाई बुझाएको।



३. २०८२ वैशाख ०८ गते कर्णाली प्रदेश लगायत सबै जिल्ला कार्य समितिको तर्फबाट अगुवाई गरी संयुक्त ट्रेड युनियनको तर्फबाट प्रमुख सचिव र १० वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत संघीय निजामती सेवा ऐन जारी गर्न ११ बुँदे माग सहित सम्माननीय सभामुखज्यूलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम सम्पन्न भएको छ।

## सुर्खेतः

- २०८२ वैशाख ०७ गते नेपाल निजामती कर्मचारी संगठन संगठनको ३५ औ स्थापना दिवसको अवसरमा जिल्ला कार्य समिति, सुर्खेतको वेवसाईट सार्वजनिक,
- शुभकामना आदानप्रदान कार्यक्रम,
- दीप प्रज्वलन कार्यक्रम
- संगठनका सक्रिय सदस्य गोविन्द प्रसाद शर्माका छोराको उपचारका लागि रु.७९, ०४९।०० सहयोग रकम हस्तान्तरण गरिएको छ ।

## दैलेखः

- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औ स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान,
- २०८२ सालको भित्तेपात्रो विमोचन,
- नव आगन्तुकलाई स्वागत, सेवा निवृत्तहरुलाई सम्मान कार्यक्रम
- जिल्ला कार्य समितिको तेस्रो बैठक

## सल्यानः

- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औ स्थापना दिवसको उपलक्ष्यमा शुभकामना आदानप्रदान
- बधाई तथा सम्मान र सहयोग हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको छ ।
- युबराज थापाको जीवन रक्षाको सहयोगार्थ रु.३८, ७६१ रुपैयाँ निजका बुबा मान बहादुर थापालाई हस्तान्तरण गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

## डोल्पाः

- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औ स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान
- निजामती कर्मचारीहरुको संयुक्त ट्रेड युनियन सञ्जालको तर्फबाट मिति २०८२/०१/०८ गते जिल्ला प्रशासन कार्यालय डोल्पामा सहभागी भई श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू मार्फत ज्ञापन पत्र बुझाउने कार्यक्रम सम्पन्न भएको छ ।

## मुगुः

- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औ स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान,
- नव आगन्तुकलाई स्वागत तथा सरुवा भएकालाई विदाई ।
- जिल्ला कार्य समितिको तेस्रो पूर्ण बैठक सम्पन्न।

## जुम्लाः

- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औ स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान
- वृक्षारोपण कार्यक्रम,
- नव आगन्तुकलाई स्वागत तथा सरुवा भएकालाई विदाई।

## रुकुम पश्चिम

- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औ स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान, बुद्धभूमी मानवसेवा आश्रममा आश्रीत र जिल्ला अस्पताल, रुकुम पश्चिमका बिरामीहरुलाइ फलफूल वितरण कार्यक्रम।
- जिल्ला कार्य समितिको चौथो बैठक सम्पन्न।

## जाजरकोटः

- जिल्ला कार्य समितिको दोश्रो बैठक सम्पन्न।
- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औं स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान,
- जिल्ला अस्पताल, जाजरकोटका बिरामीहरुलाई फलफूल

वितरण कार्यक्रम।

- भेरी न.पा.४ निवासी मृगौला रोग पीडित प्रेमकला के.सी. र भेरी न.पा.-२, निवासी ब्लड क्यान्सर पीडित बिरामी सुस्मिता बि.क.लाई प्रति व्यक्ति रु ४१, ०००।०० का दरले सहयोग हस्तान्तरण गरियो।

## कालिकोटः

- मिति २०८२ वैशाख ७ गते संगठनको ३५ औं स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान।
- न्यानोकाखलाई खाद्यान्न सहित जिल्ला अस्पताल, कालिकोटका बिरामीलाई फलफुल वितरण।
- वैशाख १८ गते वृहत्त वनभोज कार्यक्रम तथा नयाँ वर्ष, २०८२को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न।



## सुदूरपश्चिम प्रदेश कार्यसमितिका गतिविधि

१. बैशाख ८ गते सुपका ९ वटै जिल्लामा जिल्ला कार्यसमितिद्वारा प्रमुख जिल्ला अधिकारी मार्फत संसद सचिवालयलाई निजामती सेवा ऐनको लागि ज्ञापनपत्र बुझाईएको र प्रदेश कार्यसमितिले कैलालीमा रहेको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रमुख सचिव मार्फत संसद सचिवालयलाई ज्ञापनपत्रसमेत बुझाईएको

२. बैशाख ८ गते सुदूरपश्चिम प्रदेशको स्थानीय सेवा ऐन जारी गराउन प्रमुख सचिवलाई ध्यानाकर्षण पत्र बुझाएको

३. बैशाख ९ गते सङ्गठनको सचिव झलक दौल्याललाई स्थानीय सेवा ऐन जारी गराउनका लागि संगठनको तर्फबाट अध्यक्ष महादेव जोशीको नियमित सल्लाहमा रहेर आन्दोलनको नेतृत्व गर्ने, अन्य ट्रेड युनियनसँग छलफल गर्ने आधिकारिक जिम्मेवारी प्रदान गरेको

४. नेपाल निजामती कर्मचारी सङ्गठनको अगुवाईमा धनगढी उपमहानगर पालिकामा सुदूरपश्चिम प्रदेशको स्थानीय ऐन जारी गराउनका लागि बिभिन्न समूह र ट्रेड युनियनसँग छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

५. बैशाख २७ गते कैलालीमा कर्मचारीको भेला सम्पन्न गराएको र संगठन प्रदेश कार्यसमिति सचिव झलक दौल्यालको नेतृत्वमा आन्दोलन घोषणा र आन्दोलन्को विषयमा मुख्यमन्त्रीलाई जानकारी गराएको

६. आन्दोलनलाई ६ वटा जिल्ला कार्यसमिति मार्फत ऐक्यबद्धता र सुपका ८८ मध्ये ६६ पालिका द्वारा सेवा प्रबाह अबरुद्ध गरि आन्दोलनमा ऐक्यबद्धता जारी गराउन सफल

७. कैलाली लगायत अन्य जिल्लामा भएको स्वबियुको चुनाबमा आर्थिक, नैतिक र भौतिक सहयोग गरेको थियो।

## कैलाली

नेपाल निजामती कर्मचारी संगठनको ३५औं स्थापना दिवसको अवसरमा जिल्ला कार्यसमिति, कैलालीको आयोजनामा धनगढी -१५, उर्मामा अवस्थित श्री समैजी आधारभुत विद्यालयमा अध्ययनरत विपन्न परिवारका नानीबाबुहरुलाई स्कुल ब्याग वितरण गरिएको छ भने उक्त कार्यक्रमको प्रमुख अतिथि यज्ञराज ढुगानाज्यु हुनुहुन्थ्यो । आफ्नो तलबबाट सामाजिक सेवामा योगदान गर्नुहुने सम्पुर्ण सङ्गठकहरुलाई संगठन धन्यवाद व्यक्त गर्दछ ।

## दार्चुला

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, दार्चुलाले संगठन स्थापना दिवसको अवसरमा जिल्ला अस्पताल दार्चुलाका बिरामीहरुलाई फलफूल वितरण कार्य सम्पन्न गरेको थियो ।

## बझाङ

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, बझाङले संगठन स्थापना दिवसको अवसरमा जिल्ला अस्पताल वझाङका बिरामीहरुलाई फलफूल वितरण तथा नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको थियो ।

## सूचना

**आगामी अङ्क असारको लागि संगठनले भए गरेका विवरण फोटोसहित अनिवार्यरुपमा पठाइदिनुहुन हार्दिक अनुरोध छ। – सम्पादक**

प्रकाशक
नेपाल निजामती कर्मचारी संगठन
Nepal Government Employees' Organization
केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं-२०४७
फोन नं. : ०१-५३५५८९८, ५३५५०२७
ईमेल: negeocc078@gmail.com
वेव : www.negeo.org.np

प्रेषक

प्रापक